आज मिति २०८२/०८/२९ गते यस बैजनाथ गाउँपालिकाको अध्यक्ष श्री प्रकाश बहादुर शाही ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपसिलका उपस्थितिमा देहायका निर्णय गरियो ।

तपसिल

| क. सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रकाश बहादुर शाही | अध्यक्ष | |
| २ | निर्मला रोकाया | उपाध्यक्ष | |
| ३ | रुप बहादुर मल्ल | वडा अध्यक्ष, वडा नं १ | |
| ४ | राजु रुचाल ठकुरी | वडा अध्यक्ष, वडा नं २ | |
| ५ | निखिल बैगार | वडा अध्यक्ष, वडा नं ३ | |
| ६ | प्रेम बहादुर शाही | वडा अध्यक्ष, वडा नं ४ | |
| ७ | देव बहादुर रावत | वडा अध्यक्ष, वडा नं ५ | |
| ८ | भूपाल पुन मगर | वडा अध्यक्ष, वडा नं ६ | |
| ९ | दिनेश कुमार थारु | वडा अध्यक्ष, वडा नं ७ | |
| १० | भगन थारु | वडा अध्यक्ष, वडा नं ८ | |
| ११ | रुपा थापा | कार्यपालिका सदस्य | |
| १२ | भुमिसरा राना | कार्यपालिका सदस्य | |
| १३ | मन्जु ओली | कार्यपालिका सदस्य | |
| १४ | कृष्णा कुमारी सुनार | कार्यपालिका सदस्य | |
| १५ | फरीदुद्दीन हलवाई | कार्यपालिका सदस्य | |
| १६ | कमान सिंह सुनार | कार्यपालिका सदस्य | |
| १७ | कमल राज उपाध्याय | प्रमुख प्रशासकीय अधिकृत | |
| १८ | तसाराज आचार्य | प्रशासकीय अधिकृत | |
| १९ | | | |
| २० | | | |

CamScanner

प्रस्तावहरु:

१. बैजनाथ गाउँपालिकाको गाउँपालिकाबाट वितरण हुने शिक्षण सिकाई अनुदानमा शिक्षक तथा कर्मचारी छनौट समवन्धि कार्यविधि, २०७९ संसोधन सम्वन्धमा।

२. उपभोक्ता समितिको लागत तथा जनसहभागिता सम्वन्धमा।

३. घर भाडा सम्झौता सम्वन्धमा।

४. सवारी साधनको भाडा दर सम्वन्धमा।

५. अभिलेखिकरणको सूचना प्रकाशन गर्ने सम्वन्धमा।

६. दररेट निर्धारण सम्वन्धमा।

७. भवन भत्काउन अनुमति प्रदान गर्ने सम्वन्धमा।

८. लक्षित वर्गका वडास्तरीय तथा पालिकास्तरीय सञ्जाल गठन तथा सहजीकरण कार्यविधि, २०८० संसोधन गर्ने सम्वन्धमा।

९. आर्थिक सहयोग सम्वन्धमा।

१०.रकम निकासा सम्वन्धमा।

११.रकम विनियोजन सम्वन्धमा।

१२.शिक्षा समितीको निर्णयलाई समर्थन गर्ने सम्वन्धमा।

१३. शिक्षा समितिको निर्णय नं.३ सम्वन्धमा।

१४.विविध

कमल राज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

प्रकाश बहादुर खाती
अध्यक्ष

१. बैजनाथ गाउँपालिकाको गाउँपालिकाबाट वितरण हुने शिक्षण सिकाइ अनुदानमा शिक्षक तथा कर्मचारी छनौट सम्बन्धि कार्यविधि, २०७९(पहिलो संसोधन, २०८१) मा देहाय बमोजिम हुने गरि संसोधन गर्ने।

| साबिक परिच्छेद | साबिक व्यवस्था | संसोधित व्यवस्था | कैफियत |
|---|---|---|---|
| परिच्छेद-३(ग) | १ प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत- संयोजक<br>२ सम्बन्धित विषयको विषयविज्ञ- सदस्य २ जना<br>३ शिक्षा शाखाको कर्मचारी- १ जना<br>४. शाखा प्रमुख- सदस्य सचिव<br>विषय विज्ञ शिक्षक छनौट तथा सिफारिश समितीले मनोनित गर्नेछ। | १ शाखा प्रमुख- संयोजक<br>२ सम्बन्धित विषयको विषय विज्ञ- सदस्य २ जना<br>३ शाखा प्रमुखले तोकेको शाखाको कर्मचारी- सदस्य सचिव<br>नोटःविषय विज्ञ शिक्षक छनौट तथा सिफारिश समितीले मनोनित गर्नेछ। | |
| परिच्छेद-४(ज) | सफल उम्मेदवारको नतिजा प्रकाशन भई नियुक्तिको लागि सूचना प्रकाशन भएको (१५) दिन भित्र नियुक्ति लिई सक्नुपर्नेछ अन्यथा बैकल्पिक उम्मेदवारलाई शिक्षा शाखाले नियुक्ति दिनेछ। | सफल उम्मेदवारले अन्तिम नतिजा सम्बन्धि सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र शिक्षा, युवा तथा खेलकुद शाखामा सम्पर्क गरि शाखा प्रमुखबाट नियुक्ति लिइसक्नुपर्नेछ अन्यथा शाखा प्रमुखले बैकल्पिक उम्मेदवारलाई नियुक्त गर्न सक्नेछ। माथि जुनसुकै कुरा लेखिएको भएतापनि वैकल्पिक उम्मेदवार नरहेको खण्डमा सफल उम्मेदवारले १५(पन्ध्र) दिन भन्दा ढिलो गरि सिफारिशका लागि शाखामा सम्पर्कमा गर्न आएमा शाखा प्रमुखले निज सफल उम्मेदवारलाई नियुक्ति दिन वाधा पर्ने छैन। | |

२. उपभोक्ता समितिबाट सम्पादन गरिने विकास योजना। आयोजना। कार्यक्रमको हकमा तपशिल वमोजिम हुने गरि लागत सहभागीता वा जनसहभागिता कायम गर्नेः

तपशिलः

क. स्ट्रक्चर सम्वन्धि कामहरु(नाली, पुल, भवन, तारजाली, फलाम सम्वन्धि कामहरु आदि) को हकमा कुल लागत अनुमानको ५(पाँच) प्रतिशत नघट्ने गरि

ख. ग्राभेल,माटो पटानी लगायतका ननस्ट्रक्चरल कामको हकमा कुल लागत अनुमानको १०(दश) प्रतिशत नघट्ने गरि

३. मिति २०८२।०८।२२ गते प्रकाशित घर भाडा सम्वन्धि सूचना अनुसार न्यूनतम मूल्याङ्कित सारभूत प्रभाग्राही घरधनी श्री लक्ष्मी चन्द(कोहलपुर-११, बाँके) सँग कर सहित मासिक रु २५०००।०० अक्षेरुपी रु पच्चीस हजार रुपैया (कार्यालयले खपत गरेको विद्युत र खानेपानीको महशुल प्रचलित दर वमोजिम कार्यालय आफैले व्यहोर्ने गरि )घर भाडा सम्झौता गर्ने।